# महान्यायाधिवक्ताको कार्यालय

(.......कर्मचारी प्रशासन....... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- १०६

मिति :.......२०८२/०४/१५

नेपाल संवत ११४५ गुंलाथ्व: ७

<u>विषयः परिपत्र।</u>

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त विषयमा यस कार्यालय मातहत रहेका सरकारी वकील कार्यालयहरूको कार्यलाई नियमित, व्यवस्थित गराउनको लागि विभिन्न परिपत्र गरिएको भएता पनि कतिपय कार्यालयहरुबाट सो को पालना भए गरेको नदेखिँदा देहाय बमोजिम गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ।

<u>देहायः</u>

१. उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकीलमा कार्यरत सहन्यायाधिवक्ता वा सो सरहको भूमिकामा रहने सरकारी वकीलले आफू कार्यरत कार्यालय छाडी अन्यत्र जिल्ला जानुपर्ने भएमा अनिवार्य रूपमा महान्यायाधिवक्ताको कार्यालयाबाट सहमति लिने।

२. उच्च सरकारी वकील कार्यालयले आफ्नो मताहतका कार्यालयको निरिक्षण/अनुगमन गर्न जानु अघि कति दिनका लागि कुन-कुन जिल्लामा जाने हो सो को पूर्व जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिएर मात्र जाने तथा यसरी जाँदा सवारी साधन लैजाने भए सोको समेत जानकारी गराउने।

३. जिल्ला सरकारी वकील कार्यालयका कार्यालय प्रमुखले आफू कार्यरत रहेका कार्यालय छाडेर आफ्नो जिल्ला भन्दा बाहिर जानुपर्दा सम्बन्धित उच्च सरकारी वकील कार्यालयसँग सहमति लिने र सो को जानकारी महान्यायाधिवक्ताको कार्यालय समेतलाई गराउने ।

४. जिल्ला सरकारी वकील कार्यालयले कार्यालयमा रहेका सवारी साधन सरकारी कामको लागि आफ्नो जिल्ला भन्दा बाहिर लिई जानु परेमा उच्च सरकारी वकील कार्यालयबाट अनिवार्य रुपमा सहमति लिने।

५. यस कार्यालयबाट भएका पूर्व निर्देशन, परिपत्र अनिवार्य रूपमा पालन, कार्यान्वयन गर्ने, सो गरे नगरेको सम्बन्धमा सम्बन्धित उच्च सरकारी वकील कार्यालयले समेत अनुगमन गर्ने ।

६. उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयमा कार्यरत सहन्यायाधिवक्ता वा सो सरहको भूमिकामा रहने सरकारी वकीलको विदा र काज स्वीकृत सम्बन्धित नायब महान्यायाधिवक्ताले गर्ने भनी व्यवस्थापन समितिबाट २०८२/०४/०८ मा निर्णय भएकोले सोही बमोजिम गर्नु हुन।

<u>सादर अवगतार्थः</u>

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय,

महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

<u>वोधार्थः</u>

नायब महान्यायाधिवक्ताज्यूहरुको सचिवालय,

महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

.................

(विश्वास तिमिल्सिना)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np